नेपाल सरकार
वाणिज्य मन्त्रालय

**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

पुल्चोक, ललितपुर

# मोटरसाइकल खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## (प्रथम पटक सूचना प्रकाशित मिति: २०७४।११।१०)

**यस केन्द्रको लागि स्वीकृत स्पेसिफिकेशन बमोजिमको तपसिलमा उल्लेखित मोटरसाइकल खरिद गर्नु परेकोले इच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनी तथा सप्लायर्सहरुबाट देहायका शर्तहरुको अधिनमा रही छुट्टाछुट्टै शिलवन्दी दरभाउ-पत्र( दरभाउ-पत्र नम्बर अनुसार) आह्वान गरिएको छ ।**

१. योग्य शिलवन्दी दरभाउ-पत्रदाताले शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु केन्द्रको कार्यालय पुल्चोक, ललितपुरबाट लिखित निवेदनका साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातको दस्तुर रु.१,०००।०० अक्षरमा रु. एक हजार मात्र (फिर्ता नहुने गरी) यस केन्द्रको नाममा नेपाल इन्भेष्टमेण्ट बैंक, पुल्चोकमा रहेके खाता नं. ००४०५०१००३२४३२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

२. शिलबन्दी गरिएको दरभाउ-पत्र केन्द्रको कार्यालयमा मिति २०७४।११।२५ गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ । शिलबन्दी गरिएको दरभाउ-पत्रको खाममा स्पष्टसँग दरभाउ-पत्र नम्बर उल्लेख गर्नुपर्ने छ ।

३. शिलबन्दी गरी तोकिएको समयभित्र पेश भई प्राप्त भएका दरभाउ-पत्रहरु, उपस्थित हुन चाहेका शिलवन्दी दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा, केन्द्रको कार्यालय, पुल्चोक, ललितपुरमा मिति २०७४।११।२५ गते दिनको १:०० बजे खोलिनेछ । दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपशिथत नभएता पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउ-पत्रको साथ जमानत रकम रु. १५०००।- केन्द्रको नाममा नेपाल इन्भेष्टमेण्ट बैंक, पुल्चोकमा रहेके खाता नं. ००४०५०१००३२४३२ मा जम्मा गरेको रकमको सक्कल बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको दरभाउ-पत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंकबाट जारि भएको बैंक ग्यारेन्टि(विड वण्ड)को सक्कलै प्रति पेस गर्नु पर्नेछ ।

५. दरभाउ-पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन र समयमा दरभाउ-पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा दरभाउ-पत्र र दरभाउ-पत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

६. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै वा सबै दरभाउ-पत्र कारण जनाई वा नजनाई पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहने छ ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ ।

९. योग्य शिलवन्दी दरभाउ-पत्रदाताहरूले थप जानकारीको लागि वा शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु र स्पेसिफिकेशन हेर्न (अध्ययन गर्न) चाहेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क राख्न सक्नेछन् ।

१०. यो सूचना केन्द्रको वेभसाइट www.tepc.gov.np मा समेत हेर्न सकिनेछ । साथै यस सम्वन्धी थप बुझ्नु परेमा यस केन्द्रको फोन नं.**०१५५५११५७, ०१५५२५८९८, ०१५५३२६४३** मा सम्पर्क गर्न सकिनेछ ।

## तपसिल

| सि.नं. | दरभाउपत्र नम्बर | सामानको विवरण | परिमाण | लागत अनुमान मु.अ. कर सहित रु. | जमानत रकम रु |
|---|---|---|---|---|---|
| १ | **TEPC-M-2074/75** | **MotorCycle** (4 strock petrol engine of 125±2%cc) | ३ वटा | रु.५,९१,०००।० | रु.१५,०००।- |